आज मिति २०७५।०३।०९ गतेका दिन नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी नगर सभा तयारी सम्बन्धी देहाय बमोजिमका निर्णय गरियो ।

**कार्यपालिकाका निर्णयहरु :**

१. यस आ.व. ०७४।०७५ मा निम्न अनुसारको ब.उ.शी.नं. हरुका कार्यक्रममा समावेस नभएको वजेट खर्च भएकोले उक्त खर्च भएको वजेट सभाबाट अनुमोदन गराउन नगर सभामा पेस गर्ने निर्णय गरियो ।

स्वास्थ्य कार्यालयको चालु खर्चतर्फ :

- शहरी स्वास्थ्य केन्द्र लाई बार्षिक वजेट रु.८,५०,०००।- (अक्षेरुपी आठ लाख पचास हजार) खर्च रु.११,५२,१७०।- (अक्षेरुपी एघार लाख बाउन्न हजार एक सय सत्तरी) मध्ये बढी खर्च रु.३,०२,१७०।- (अक्षेरुपी तीन लाख दुई हजार एक सय सत्तरी) ।

नगरपालिकाको आन्तरिक श्रोतको चालु खर्चतर्फ :

- पदाधिकारीहरुको चाँडपर्व खर्च रु.१,३८,०००।-
- विविध चाडपर्व र पुजा खर्च रु.७०,०००।-
- मर्मत (व्याकहोई लोडर रु.७५,५७१।-
- अन्य भत्ता (नगरपालिकाको वार्षिक पुस्तिका प्रकाशन तयारी अतिरिक्त भत्ता) रु.७०,५००।–
- खेलकुद (तोकण्दो खेल बर्णालु) रु.१०,०००।–
- नगरकापलिकाको संचालन चालु अनुदानतर्फ एस.डि.सि.बाट प्राप्त भएको हाईलक्स गाडी ३६१८ र रोलर एकको समेत राजश्व शुल्क रकम रु.१५,००,००० (अक्षेरुपी पन्ध्र लाख) र सोही साधनहरुको मर्मत संभार रु.३,००,०००।- (अक्षेरुपी तीन लाख) समेत जम्मा रु.१८,००,०००।- (अक्षेरुपी अठार लाख) कार्यक्रम समावेश र खर्च अनुमोदनका लागि पेस गर्ने ।
- सिद्धिचरण नगरपालिका वार्ड नं.८ सल्लेरी लगलगेमा संचालित भलिवल प्रतियोगितको लागि अनुदान रकम रु.१ लाख र चैनपुर मेयर कप फुटवल प्रतियोगिताको लागि रु.१०,०००।- (अक्षरुपी दश हजार), जन्तरखानी युवा क्लब भलिबल प्रतियोगिता लाई रु.१०,०००।- (अक्षेरुपी दश हजार) दिने अनुमोदन गर्ने र स्वीकृतीका लागि नगरसभामा पेस गर्ने ।
- नगरपालिकाको पूँजीगततर्फ सि.न.पा.४ रुम्जाटारमा निर्माणाधिन गुम्बा निर्माणको लागि रु.तीन लाख र सि.न.पा.१ नाल्सुमा पेल्ट्रीक सेट निर्माण रु.४०,०००।- (अक्षेरुपी चालिस हजार), सि.न.पा. ११ भुजेल भाषाको लागि रु.५०,०००।- (अक्षेरुपी पचास हजार) र कर्कलादेवि माध्यमिक विद्यलाय नाल्सु तलुवाको शिक्षक तलब भत्ता रु.४०,०००।- (अक्षेरुपी चालिस हजार) अनुमोदनको लागि नगर सभामा पेस गर्ने ।
- सिद्धिचरण नगरपालिका वडा नं. ६ जन्तरखानी आरुबोट हुँदै पात्ले, खिजीफलाटे जाने सडकको सिगाने आरुबोट खण्डको सडक निर्माण रु.२,००,०००।-
- वर्णालुको ढुंग्रे डाँडाखर्क हुँदै सपनावती तिर जाने सडक स्तरोन्नती रु.१,९,००००।-
- सल्लेरीको वर्थिङ्ग सेन्टर जाने सडकको मर्मत/स्तरोन्नती रु.३०,०००।-